कोहलपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
प्रदेश नं. ५

कोहलपुर नगरपालिका कोहलपुर, बाँके ५ नं. प्रदेश, नेपाल

## करार पदपूर्ती सम्बन्धी जरुरी सूचना।।।

सूचना प्रकाशन मिति २०७७/०४/२३

उपर्युक्त सम्बन्धमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) को प.सं. २०७७/०७८ च.नं. /PMEP/ २३ मिति २०७७/०४/१२ को परिपत्र तथा स्थानीय निर्देशक समितिको मिति २०७७/०४/२१ को निर्णयानुसार यस कोहलपुर नगरपालिकामा संचालित रोजगार सेवा केन्द्रका लागि तपशिल बमोजिम प्राविधिक कर्मचारी आवश्यक करारमा पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुलाई सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र रित पूर्वकको आवेदन भरी पेश गर्नुहुन यो सुचना प्रकाशित गरिएको छ। आवेदनको ढाँचा www.pmep.gov.np मा उपलब्ध छ।

तपशिल

| वि.नं. | पद | तह | सेवा | संख्या |
|---|---|---|---|---|
| १/०७७-०७८ | प्राविधिक सहायक | पाँचौ | करार | १ (एक) जना |

१. आवश्यक न्यूनतम योग्यता र अनुभवः

क) सिभिल इन्जिनियरिङ्गमा प्रविणता प्रमाणपत्र तह वा ओभरसियर वा डिप्लोमा तह उत्तीर्ण भएको।

ख) अनुभव र सीपः (अ) कम्तीमा ३ महिना तालिम लिई आधारभूत कम्प्युटर सीप भएको। (आ) पूर्वाधारको निर्माण र मर्मतका लागि आयोजनाको लागत अनुमान, सुपरिवेक्षण र अन्तिम लागत विवरण तयार र विश्लेषण गर्न सक्ने सीप भएको, आयोजनाको लक्ष्य र परिणाम हासिल गर्न टोलीमा काम गरेको र पारस्परिक सम्बन्ध सम्बन्धी सीप सहित कम्तिमा ६ महिनाको अनुभव भएको।

ग) उमेरः कम्तिमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको ।

२. दरखास्त दिने स्थानः कोहलपुर नगरपालिका, रोजगार सेवा केन्द्र, कोहलपुर, बाँके ।

३. दरखास्त दिने अन्तिम मितिः- सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र र १५ औं दिनमा सार्वजनिक बिदा पर्न गएमा सो को लगत्तै कार्यालय खुलेको दिनमा।

४. आवेदन दस्तुरः- रु ४००। (चार सय) मात्र

५. छनौटको किसिमः- प्रारम्भिक योग्यताक्रमको सूचि प्रकाशन र लिखित परिक्षा हुनेछ।

६. आवेदन साथ आवेदक स्वयंले प्रमाणित गरेका देहाय बमोजिमका कागजातको प्रतिलिपिहरु संलग्न गर्नुपर्ने छः (क) नागरिकता प्रमाणपत्र, (ख) न्यूनतम योग्यताको लब्धाङ्क प्रमाणपत्र, (ग) चारित्रिक प्रमाणपत्र, (घ) काम गरेको संस्थावाट अनुभव खुल्ने प्रमाणित कागजात र (ङ) २ प्रति पासपोर्ट आकारको फोटो हुनुपर्ने छ। नेपाल बाहेकका मुलुकका शिक्षण संस्थामा अध्ययन गरेको हकमा समकक्षता अनिवार्य हुनेछ।

७. सेवा सुविधाः-*गाँउपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपूर्ती सम्बन्धी प्रकृया* को दफा (११), (१२) र (१३) बमोजिम हुनेछ।

८. पदले सम्पादित गर्नुपर्ने कार्यविवरणः-*गाँउपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपूर्ती सम्बन्धी प्रकृया* को दफा (९) बमोजिम हुनेछ।

९. सम्पर्क मितिः- आवेदन दिने अन्तिम मिति लगत्तै कार्यालय खुलेको दिन विहान १०.०० बजे देखि साँझ ५.०० बजे सम्म।

..............................

(अनन्त कुमार पौड्याल)

नि.प्रमुख प्रशासकीय अधिकृत